विद्यालय कोड नं.: ५१००६९०००७

# नेपाल आदर्श माध्यमिक विद्यालय
## Nepal Adarsha Secondary School

शिवराज न.पा.-१, शिवपुर, कपिलवस्तु
Shivraj Municipality-1, Shivpur, Kapilvastu
स्था.:२०३१ (Estd.2031)

पत्र संख्या/ Letter No.: २०८३/०८४
चलानी नं./Dispatch No. ८५
मिति/Date: २०८३/०६/१३

विषय (Subject): **सरुवा सहमतिका लागि दरखास्त आह्वान सम्बन्धमा**

प्रस्तुत विषयमा यस नेपाल आदर्श माध्यमिक विद्यालय शिवराज नगरपालिका- १ शिवपुर कपिलवस्तुमा रिक्त रहेको **निम्न माध्यमिक तह तृतीय श्रेणी गणित विषय** शिक्षक पदमा शिवराज नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा कपिलवस्तुको मिति २०८३।०६।१२ च.नं. ५४६ को पत्र एवं विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०६।१२ गतेको निर्णय अनुसार (शिक्षा नियमावली २०५९ को दशौं संशोधन २०८३ सहित) यो सरुवा सम्बन्धी व्यवस्था बमोजिम उक्त पदपूर्ति सरुवा मार्फत गर्नुपर्ने भएकाले सरुवा भई आउन चाहने योग्य इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सरुवा सहमतिका लागि दरखास्त आह्वान गरिएको छ।

पेश गर्नुपर्ने कागजातहरू

१. सरुवाको लागि हस्तलिखित निवेदन
२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. आफ्नो सेवा अवधि खुलेको कागजात
४. स्थायी/अस्थायी नियुक्तिपत्रको प्रतिलिपि ।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि ।
६. हाल कार्यरत विद्यालय र स्थानीय तहमा हालको पदमा सुरु हाजिरी भएको कागजात ।
७. असाधारण विदा लिए/नलिएको कागजात ।
८. विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय एकाइको सहमतिपत्र ।
९. विद्यालय व्यवस्थापन समितिले सरुवा हुनको लागि अनुमति दिएको निर्णय प्रतिलिपि ।
१०. शिक्षा नियमावली (२०५९ दशौं संशोधन २०८३ सहित ) अनुसार प्राथमिकता दाबी गर्ने प्रमाणपत्र/कागजात ।
११. शिक्षा नियमावली, २०५९ को अनुसूची १७ बमोजिम फारम ।
१२. दरखास्त पेश गर्ने अन्तिम मिति २०८३।०६।२७ गते मंगलबार विद्यालय समयभित्र ।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय एकाइ, कपिलवस्तु : यो सूचना तहाँको वेबसाइटमा समेत प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ ।

श्री शिवराज नगर कार्यपालिकाको कार्यालय चन्द्रौटा, कपिलवस्तु : यो सूचना तहाँको वेबसाइटमा समेत प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ ।

श्री शिवराज नगरपालिका वडा नम्बर १ को कार्यालय शिवपुर कपिलवस्तु

gmail: nepaladarshmabi@gmail.com.

नोटः कागजात इमेल मार्फत पठाउँदा **PDF** फाइलमा पठाउनुपर्नेछ । साथै म्यादनाघी प्राप्त भएका निवेदन एवं अपुग कागजात भएमा कुनै कारबाही अगाडि बढाइने छैन ।

मुक्तिनाथ पोखेल
प्रधानाध्यापक
श्री नेपाल आदर्श मा.वि.
शिवराज न.पा.-१, शिवपुर, क.व.

☎+977-076-413046 9857014015 E-mail:nepaladarshmabi@gmail.com